# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बर्दघाट, नवलपरासी
## ५ नं. प्रदेश, नेपाल


प.सं: ०७६/०७७
च.नं: २०४६

मिति: २०७७/०२/०७

COVID-19 सम्बन्धी सुरक्षण स्वास्थ्य सामाग्री खरिद सम्बन्धी ५ (पाच) दिने लिखित प्रस्ताव आह्वानको सूचना
(प्रकाशन मितिः २०७७/०२/०७)

विश्वव्यापी माहामारी प्रकोपको रुपमा फैलिरहेको नोभेल कोरोना भाइरस (COVID-19) को संभावित संक्रमणको रोकथाम एवम नियन्त्रण गर्नका लागि अति आवश्यक (COVID-19) सम्बन्धी सुरक्षण स्वास्थ्य सामाग्रीहरु तत्काल खरिद गरी प्रयोग नगर्दा सार्वजनिक हित तथा सामुदायिक स्वास्थ्यमा पर्न सक्ने संकटलाई ध्यानमा राखी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धि ब्यवस्था भएनुसार तपशिलमा उल्लेखित स्वास्थ्य सामाग्रीहरुल खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले ५ (पाच) दिन भित्र कार्यालय समयमा ईच्छुक मान्यता प्राप्त स्वास्थ्य सामाग्री विक्रि वितरण गर्ने फर्म, कम्पनी, सप्लायर्सले इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि सामाग्रीको गुणस्तर सहितको दररेट शिलवन्दी प्रस्ताव प्रस्वदाता स्वयं वा प्रतिनिधी यस नगर कार्यपालिकाको कार्यालयमा उपस्थित भई वा यस कार्यालयको ईमेलः **bardghat.municipality@gmail.com** मा पेश गर्न सार्वजनिक आह्वान गरिएको छ । ईमेल मार्फत पठाउदा Password राखिएको PDF File मा पठाउन सकिनेछ र प्रस्ताव खुल्ने समयमा सो File को Password पठाई दिनु पर्नेछ । File नखुलेमा यस कार्यालय जवाफदेही हुने छैन ।

तपशिल

| क्र.सं. | विवरण | परिमाण | इकाई |
|---|---|---|---|
| १. | Medical Mask ( 4 layer with stick) | 10000 | थान |
| २. | Top Gloves ( large) | 50 | बक्स |
| ३. | Surgical Gloves ( large) | 1000 | जोडा |
| ४. | Sanitizer 100 ml (70% above Ethyl Alcohol) | 5000 | थान |
| ५. | Sanitizer 500 ml (70% above Ethyl Alcohol) | 500 | थान |
| ६. | K.F. 95 Mask | 100 | थान |
| ७. | PPE set (Full set visor, boot cover, 95 mask, reuseable autoclave) | 100 | सेट |
| ८. | Infared Thermometer (with battery) | 20 | थान |

शर्तहरुः

१. सूचना तथा प्रस्तावमा उल्लेख भएका शर्तहरको अधिनमा रही बर्दघाट नगरपालिकाको वेभसाइड bardghatmun.gov.np मा राखिएको Bill of Quantity (BOQ) प्रिन्ट गरी रीतपूर्वक भरी मितिः २०७७/०२/१२ गते दिउसो ३:०० वजे भित्र दर्ता गराई सक्नुपर्नेछ । तोकिएको समय पछि प्राप्त भएको दरभाउपत्र उपर कारवाही हुनेछैन । यसरी दर्ता भएको प्रस्ताव दर्ता गर्ने अन्तिम दिन दिउसो ४:०० वजे प्रस्तावदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभए पनि प्रस्ताव खोल्न वाधा पर्ने छैन ।



प्रमुख प्रशासकिय अधिकृत

२. प्रस्ताव पेश गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

३. प्रस्तावमा मु.अ.कर वाहेकको दररेट अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा भिन्नता पाईएमा अक्षरमा लेखिएकोकालाई मान्यता दिइनेछ । केरमेट भएको भए सही छाप गर्नुपर्नेछ । म्याद नाघी रित नपुगेको र शर्त राखिएको भएमा मान्यता दिईने छैन ।

४. नेपाल सकारको हितलाई ध्यानमा राखी मूल्यको प्रस्ताव स्वीकृत गर्ने, अस्वीकृत गर्ने, रद्ध गर्ने वा शिलशिलेवार (ITEM WISE) स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथैं प्रस्तावमा उल्लेख भएका सामाग्रीहरुको परिमाण थपघट हुन सक्नेछ । यसरी थपघट भएतापनि प्रस्तावदाताले कबोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ । स्वीकृत बजेटको स्थिति अनुसार खरिद गरिनेछ ।

५. स्वीकृत प्रस्तावदाताले स्वास्थ्य सामाग्रीका अंकित मूल्यभन्दा बढी दर राखि दिन पाईनेछैन । स्वीकृत प्रस्ताव अनुसारको सामान एकमुष्ठ वा आवश्यक्ता अनुसार पटक-पटक आदेश दिई खरिद गर्न सकिनेछ । साथैं सप्लाई गरिने स्वास्थ्य सामाग्रीको Expiry Date यस कार्यालयको स्टोरमा बुझाउदा कम्तिमा उत्पादन मितिबाट ६ महिना म्याद बाकी भएको वा ५० प्रतिशत बाँकी भएको हुनुपर्नेछ । साथै प्रस्ताव स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधी भित्र सामाग्रीहरु बुझाउनु पर्नेछ र सामाग्रीको केही अँश अथवा सम्पूर्ण सामाग्री नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली वमोजिम कारवाही हुनेछ ।

६. स्वीकृत प्रस्तादाताले सम्झौता गर्ने समयमा स्वास्थ्य सामाग्रीको नमूना देखाउन पर्नेछ । आवश्यक्ता अनुसार सामाग्रीको गुणस्तर जाँच समेत गरिनेछ ।

७. प्रस्तावदाताले द्यइत्त मा स्वास्थ्य सामाग्रीहरु उत्पादन गर्ने कम्पनीको नाम अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

८. प्रस्ताव सम्वन्धि अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरि बुझ्न सकिनेछ ।

९. यसमा उल्लेख नभएका कुराहरु प्रचलित ऐन कानून वमोजिम हुनेछ ।

..............................

(मेघनाथ पाध्या)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशाशकिय अधिकृत

फोन नः ०७८-५८०२१०, फ्याक्स : ०७८-५८०१४२ ईमेलः Bardghat.municipality@gmail.com

# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी
५ नं. प्रदेश, नेपाल

## Bill of Quantity (BOQ)

प्रमुख प्रशाशकिय अधिकृत

| क्र.सं. | खाद्य तथा गैह्र खाद्य समाग्रीको नाम | परिमाण | इकाई | प्रति इकाई दर अंकमा ( मु.अ.कर वाहेक) | प्रति इकाई दर अक्षरमा ( मु.अ.कर वाहेक) | जम्मा | कम्पनीको नाम | कैं. |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Medical Mask ( 4 layer with stick) | 10000 | थान | | | | | |
| 2. | Top Gloves ( large) | 50 | बक्स | | | | | |
| 3. | Surgical Gloves ( large) | 1000 | जोडा | | | | | |
| 4. | Sanitizer 100 ml (70% above Ethyl Alcohol) | 5000 | थान | | | | | |
| 5. | Sanitizer 500 ml (70% above Ethyl Alcohol) | 500 | थान | | | | | |
| 6. | K.F. 95 Mask | 100 | थान | | | | | |
| 7. | PPE set (Full set visor, boot cover, 95 mask, reuseable autoclave) | 100 | सेट | | | | | |
| 8. | Infared Thermometer (with battery) | 20 | थान | | | | | |
| | जम्मा | | | | | | | |
| | मु.अ.कर | | | | | | | |
| | कूल जम्मा | | | | | | | |

❖ नोटः मूल्य अभिवृद्धि कर लाग्ने सामाग्रीको प्रति इकाइ दरमा मु.अ.क १३% (VAT) वाहेक उल्लेख गरी मु.अ.क लाग्ने सामाग्रीका हकमा कैफियत महलमा मु.अ.कर लाग्ने उल्लेख गरी जोड जम्मा मू.अ.कर सहीत थपेर कूल जम्मा गर्नुपर्नेछ ।

फर्मको नाम तथा ठेगानाः

दस्तखतः

फर्मको छापः